सल्यान-खलङ्गा-कालिमाटी-घुइयाबारी-काप्रेचौर-खर्कबार-कोहलपुर सडक (झिंगाने-बालुवा-दमदुवाली खण्ड, २७.९८ कि.मि.) आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

मिति: २०८१ जेठ २७

कर्णाली प्रदेश, सल्यान जिल्लाको कालिमाटी गाउँपालिका, वडा नं. २, ४ र ५ मा भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको मातहतमा रहेको पूर्वाधार विकास निर्देशनालय अन्तगर्त पूर्वाधार विकास कार्यालय, सल्यानद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कर्णाली प्रदेश, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय, सल्यान; फोन नं. : ०८८-५२०३६१, ईमेल: idosalyan@gmail.com |
| प्रस्तावको व्यहोरा | सल्यान जिल्लाको कालिमाटी गाउँपालिका, वडा नं. २, ४ र ५ मा पर्ने सल्यान-खलङ्गा-कालिमाटी-घुइयाबारी-काप्रेचौर-खर्कबार-कोहलपुर सडक (झिंगाने-वालुवा-दमदुवाली खण्ड, २७.९८ कि.मि.) आयोजनाको स्तरोन्नती कार्यको प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजनाको झिंगाने-बालुवा सडक खण्ड र बालुवा-दमदुवाली सडक खण्ड गरी दुई खण्डमा अध्ययन तथा स्तरोन्नती कार्य प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजनाको झिंगाने-बालुवा सडक खण्ड र बालुवा-दमदुवाली सडक खण्डको शुरुको विन्दुको भौगोलिक अवस्थिति क्रमशः २८°१८"१६.८५" उत्तरी अक्षांश; २८°१८"१६.८५" पूर्वी देशान्तर र २८°१८"१३.४४" उत्तरी अक्षांश; ८१°५५"२०.२७" पूर्वी देशान्तरमा रहेको छ भने झिंगाने-बालुवा सडक खण्ड र बालुवा-दमदुवाली सडक खण्डको अन्तिमको विन्दुको भौगोलिक अवस्थिति क्रमशः २८°१८"२६.७८" उत्तरी अक्षांश; ८१°५५'२४.३७" पूर्वी देशान्तर र २८°१६"०३.७९" उत्तरी अक्षांश; ८१°५३"५२.३४" पूर्वी देशान्तरमा रहेको छ। आयोजनाको उद्देश्य विद्यमान ५ मि. देखि १० मि. चौडाई रहेको कच्ची सडकलाई स्तरोन्नति गरी झिंगाने-बालुवा सडक खण्ड (०+००.०० देखि १९+११७.२६) मा ७ मि. क्यारिज वे चौडाई र ८.५ मि फर्मेसन चौडाई; बालुवा-दमदुवाली सडक खण्ड (०+००.०० देखि ८+८६७.२१) मा ५.५० मि क्यारिज वे चौडाई र ७ मि फर्मेसन चौडाई तथा सोल्जर चौडाई दाँया/बाँया ०.७५/०.७५ मि. को सडक स्तरोन्नति गर्नु हो। |
| प्रभाव पर्न सक्ने जिल्ला/गाउँपालिका | सल्यान जिल्लाको कालिमाटी गाउँपालिका, वडा नं. २, ४ र ५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगाना आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कर्णाली प्रदेश, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय, सल्यान। फोन नं. : ०८८-५२०३६१, ईमेल: idosalyan@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ल्याण्डस्केप ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाडौं-१६, बनस्थली, नेपाल फोन नं. ९८६०२३३६४६; ईमेल: landscape.engg46@gmail.com |